दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित

# स्थानीय राजपत्र

## मनहरी गाउँपालिकाबाट प्रकाशित

---

खण्ड : ८ संख्या : ८ स्वीकृत मिति: २०८१/०३/०४

---

भाग २

**मनहरी गाउँपालिका**

**गाउँपालिका अधयक्षबाट प्रमाणित मिति : २०८१/०३/०६**

---

मनहरी गाउँपालिकाको कृषि तथा पशु पंक्षि सेवा संचालन कार्यविधि, २०८१

---

# मनहरी गाउँपालिकाको कृषि तथा पशु पंक्षि सेवा संचालन कार्यविधि, २०८१

स्विकृत मिति: २०८१।०३।०४
प्रमाणिकरण मिति २०८१।०३।०६

गाँउपालिकाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि तथा पशु पंक्षिको विकास, उत्पादकत्व वृद्धि तथा वजारीकरणलाई व्यवस्थित वनाउन र कृषि तथा पशु पंक्षि सेवालाई प्रभावकारी वनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ तथा मनहरी गाउँपालिकाकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ दिएको अधिकार वमोजिम मनहरी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेकोछ ।

## परिच्छेद-१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :-

१. यस कार्यविधिको नाम "मनहरी गाउँपालिकाको कृषि तथा पश पंक्षी सेवा संचालन कार्यविधि २०८१", रहनेछ ।

२.यो कार्यविधि मनहरी गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

### २. परिभाषा :-

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "गाउँपालिका" भन्नाले मनहरी गाउँपालिका भन्ने बुझ्नुपर्छ ।

(ख) "कार्यालय" भन्नाले मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भन्ने बुझ्नुपर्छ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बुझ्नुपर्छ ।

(घ) "उप शाखा" भन्नाले गाउँपालिकाको आर्थिक विकास शाखा अन्तर्गत रहेको कृषि विकास उपशाखा र पशु पक्षी विकास उपशाखा सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले मनहरी गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हँडिखोला, मकवानपुर बागमती प्रदेश, नेपाल

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रञ्जन कालाखेती
अध्यक्ष

## परिच्छेद-२

## कृषि विकास उपशाखा र कृषि सेवा केन्द

**३. कृषि विकास उपशाखा र कृषि सेवा केन्द :** (१) गाउँपालिकाको आर्थिक विकास शाखा अन्तर्गत कृषि विकास उप शाखा रहनेछ ।

(२) कृषि विकास उप शाखा अन्तर्गत कृषि सेवा केन्द्र रहनेछ ।

**४. कृषि विकास उपशाखाको कार्यविवरण :** (१) गाउँपालिकाको आर्थिक विकास शाखा अन्तर्गत कृषि विकास उपशाखाको कार्यविवरण देहाय अनुसार रहेकोछ ।

- कृषि, कृषि प्रसार, कृषि उत्पादन तथा बजारीकरण व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन,
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,
- कृषिसम्वन्धी वीमा र कर्जा सहजीकरण,
- शीत भण्डारणको व्यवस्थापन,
- कृषि प्रविधिको संरक्षण र हस्तान्तरण
- प्रङ्गारिक खेती प्रवर्द्धन
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,
- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा विषादी औषधिहरूको आपूर्ति, उपयोग र नियमन,
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन,
- उप शाखासँग सम्बन्धित अन्य कार्यहरु ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

(२) कृषि विकास उप शाखाको कार्यविवरण गाउँ कार्यपालिकाले वनाएको गाउँ कार्यविभाजन नियमावली तथा संशोधित नियमावली बमोजिम समय समयमा संशोधन हुन सक्नेछ।

५. कृषि सेवा केन्द्रः (१) कृषि विकास उपशाखा अन्तर्गत कृषि सेवा केन्द्र रहनेछ।

(२) एक वडामा एक वा एक भन्दा वढी वडा हेर्ने गरी कृषि सेवा केन्द्र स्थापना गरिनेछ ।

(३) आवश्यकता अनुसार कृषि सेवा केन्द्रको कार्यक्षेत्र तथा काम कर्तव्य हेरफेर गर्न सकिनेछ।

(४) हेरफेर नहुँदा सम्म कृषि सेवा केन्द्रले सेवा पुर्‍याउनु पर्ने क्षेत्र र जन संख्याको विवरणः

| क्र.स. | कृषि सेवा केन्द्र | कार्य क्षेत्र | क्षेत्रफल वर्ग कि.मी. | जन संख्या ( घर घुरीमा) |
|---|---|---|---|---|
| १ | मनहरी सेवा केन्द्र, सिम्पानी | वडा नं.६,७,८ र ९ | ९३।०९ | ५८७८ |
| २ | हाँडीखोला सेवा केन्द्र, हाडीखोला | वडा नं.१,२,३,४ र ५ गाउँपालिकाको कृषि विकास उपशाखा | १०६।४३ | ४६०९ |
| | जम्मा | | १९९।५२ | १०४८७ घरधुरी |

६. कृषि सेवा केन्द्रको कार्यविवरणः (१) कृषि विकास उप शाखाको कार्यविवरण नै कृषि सेवा केन्दको पनि कार्य विवरण हुनेछ। यसको अतिरिक्त कृषि सेवा केन्द्रको देहाय अनुसारको कार्यविवरण हुनेछ।

कृषि सेवा केन्दको कार्यविवरणः (१) कृषि विकास उप शाखालाई तोकिएको कार्यविवरण अनुसार कृषि सेवा केन्द्रले तोकिएको वडा तथा क्षेत्रमा सेवा पुर्‍याउनु पर्नेछ।

(२) कृषकको घर दैलो, कृषि फर्म तथा खेत वारीमा गई कृषि सम्बन्धी परामर्श दिने,

मनहरी गाउँपालिका

(३) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने गराउन प्रोत्साहन गर्ने ,

(४) फलफूल, तरकारी, नगदे वाली तथा खाद्य वालीमा लाग्ने रोग, किराको उपचार गर्ने तथा उपचारको लागि उचित परामर्श दिने ,

(५) सेवा केनद्रले गरेका कामको दैनिक अभिलेख राख्ने र कृषि विकास उप शाखामा पठाउने,

(६) कृषि विकास उप शाखाले तोकेका अन्य काम गर्ने, गराउने ।

## परिच्छेद-३

## पशु पंक्षी विकास उप शाखा र पशु पंक्षी सेवा केन्द

**७. पशु पंक्षी विकास उप शाखा र पशु पंक्षी सेवा केन्द :** (१) गाउँपालिकाको आर्थिक विकास शाखा अन्तर्गत पशु पंक्षी विकास उप शाखा रहनेछ ।

(२) पशु पंक्षी ईकाइ अन्तर्गत पशु पंक्षी सेवा केन्द्र रहनेछ ।

**८. पशु पंक्षी विकास उप शाखाको कार्यविवरण :** (१) गाउँपालिकाको आर्थिक विकास शाखा अन्तर्गत पशु पंक्षी विकास उपशाखाको कार्यविवरण देहाय अनुसार रहेकोछ ।

**पशु पंक्षी विकास उप शाखाको कार्यविवरण :**

- पशुपालन, पशु स्वास्थ्य, मत्स्य विकास सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन,
- पशुपंक्षी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन,
- पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
- पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन,
- पशुनश्ल सुधार पद्धति विकास र व्यबस्थापन,
- पशुपंक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण,
- स्थानीय चरन तथा खर्क बिकास र व्यवस्थापन,
- पशु आहारको गुणस्तर नियमन,
- स्थानीयस्तरमा पशुपंक्षी सम्बन्धी तथ्याङ्को व्यवस्थापन र सूचना प्रणाली,
- पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य,

- छाडा चौपाया नियन्त्रण,
- कान्जी हाउस / गौशाला सञ्चालन, व्यवस्थापन,
- उपशाखासँग सम्बन्धित अन्य कार्यहरु ।

(२) कृषि विकास उपशाखाको कार्यविवरण गाउँ कार्यपालिकाले वनाएको गाउँ कार्यविभाजन नियमावली तथा संशोधित नियमावली बमोजिम समय समयमा संशोधन हुन सक्नेछ ।

९. **पशु पंक्षी सेवा केन्द्र:** (१) पशु पंक्षी विकास उपशाखा अन्तर्गत पशु पंक्षीसेवा केन्द्र रहनेछ ।

(२) एक वडामा एक वा एक भन्दा वढी वडा हेर्ने गरी पशु पंक्षी सेवा केन्द्र स्थापना गरिनेछ ।

(३) आवश्यकता अनुसार पशु पंक्षी सेवा केन्द्रको कार्यक्षेत्र तथा काम कर्तव्य हेरफेर गर्न सकिनेछ ।

(४) हेरफेर नहुँदा सम्म पशु पंक्षीसेवा केन्द्रले सेवा पुर्‍याउनु पर्ने क्षेत्र र जन संख्याको विवरण:

| क.स. | पशु पंक्षीसेवा केन्द्र | कार्य क्षेत्र | क्षेत्रफल वर्ग कि.मी. | जन संख्या (घर घुरीमा) |
|---|---|---|---|---|
| १ | मनहरी सेवा केन्द, सिम्पानी | वडा नं. ६,७,८ र ९ | ९३।०९ | ५८७८ |
| २ | हाँडीखोला सेवा केन्द, हाडीखोला | वडा नं. १,२,३,४५ र गाउँपालिकाको पशु विकास उप शाखा | १०६।४३ | ४६०९ |
| | जम्मा | | १९९।५२ | १०४८७ (घरधुरी) |

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया मकवानपुर

रमेश दुवेदी ... अधिकृत ... कालाखेती

१०. पशु पंक्षी सेवा केन्द्रको कार्यविवरण: (१) पशु पंक्षी विकास उप शाखाको कार्यविवरण नै पशु पंक्षी सेवा केन्दको पनि कार्य विवरण हुनेछ। यसको अतिरिक्त पशु पंक्षी सेवा केन्द्रको देहाय अनुसारको कार्यविवरण हुनेछ।

पशु पंक्षी सेवा केन्दको कार्यविवरण: (१) पशु विकास उप शाखालाई तोकिएको कार्यविवरण अनुसार पशु पंक्षी सेवा केन्द्रले तोकिएको वडा तथा क्षेत्रमा सेवा पुर्‍याउनु पर्नेछ।

(२) पशु पंक्षी कृषकको घर दैलो, पशु पंक्षी फर्म तथा खेत वारीमा गई पशु पंक्षी सम्बन्धी परामर्श दिने,

(३) पशु पंक्षी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न गराउन प्रोत्साहन गर्ने ,

(४) पशु पंक्षी लाग्ने रोग, किराको उपचार गर्ने तथा उपचारको लागि उचित परामर्श दिने,

(५) सेवा केन्द्रले गरेका कामको दैनिक अभिलेख राख्ने र पशु पंक्षी विकास इकाईमा पठाउने,

(६) पशु पंक्षी विकास उप शाखाले तोकेका अन्य काम गर्ने, गराउने।

## परिच्छेद-३

## कृषि तथा पशु पंक्षी विकास ईकाई र सेवा केन्द्रवीच समन्वय र सहकार्य

११. कृषि तथा पशु पंक्षी विकास उप शाखा र सेवा केन्द्रवीच समन्वय र सहकार्य: (१) कृषि तथा पशु पंक्षी विकास उप शाखा र सेवा केन्द्रवीच समन्वय र सहकार्य गरी काम सम्पादन गर्नु पर्नेछ।

(२) अन्य तोकिएका कामको अतिरिक्त देहायका काममा कृषि तथा पशु पंक्षी विकास उप शाखा र सेवा केन्द्रवीच समन्वय र सहकार्य गरी काम सम्पादन गर्नु पर्नेछ।

(क) कृषि तथा पशुपालन, उत्पादन, व्यवस्थापन, कृषि तथा पशु स्वास्थ्य सम्बन्धी नीति, कानून , मापदण्ड, योजना , कार्यान्वयन , अनुगमन र नियमन,

(ख) कृषि तथा पशुपंक्षी वजार सूचना, बजार तथा हाट बजारको पूर्वाधार निर्माण, व्यवस्थापन, तालिम, प्रविधि प्रयोग, क्षमता विकास,

(ग) उच्च मुल्ययुक्त कृषि तथा पशुजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,

(३) कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्यांकको संकलन, व्यवस्थापन र सूचना प्रणाली ।

परिच्छेद-४

स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण

१२. स्थानीय उत्पादनको पवर्द्धनः (१) कृषि तथा पशुपंक्षी सम्बन्धी स्थानीय उत्पादनको प्रवर्द्धनमा जोड दिईनेछ ।

(२) स्थानीय उत्पादनको प्रवर्द्धनको लागि सर्वप्रथम स्थानीय स्तरमा हुन सक्ने उत्पादनको पहिचान गरिनेछ ।

(३) स्थानीय स्तरमा हुन सक्ने उत्पादनको पहिचानको लागि थप अध्ययन अनुसन्धान गरीनेछ र सो नहुँदा सम्मको लागि हाल सम्म यस गाउँपालिकामा पहिचान गरिएका देहाय अनुसारका उत्पादनलाई जोड दिईनेछ ।

कृषि उत्पादनः

(क) खाद्यान्न बालीमाः धान, मकै, गहुँ, कोदो, जौ,

(ख) फलफुलमाः नास्पती, अम्वा, केरा, वयर, ड्रागन फ्रुट आपँ, लिच्ची, भुईकटहर

(ग) दलहन बालीः मास, वोडी, केराउ, चना, मस्याङ्ग, राज्मा, भटमास

(घ) तरकारी तथा मसलाजन्य बालीः आलु, प्याज, वन्दा, काउली, लसुन, अदुवा, वेसार, सिमी, वाडी, गोलभेंडा, काक्रा, घिरौंला, भन्टा, फर्सी आदी

(ङ) तेलहन बालीः तोरी, तिल, भटमास

(च) मौरीपालन तथा मौरीपालन प्रवर्द्धनको लागी आवश्यक पूर्वाधार जस्तै चिउरी, इत्यादी

पंशुपंक्षी पालनः

(क) वाखा

(ख) लोकल तथा उन्नत जातका कुखुरा

(ग) गाई, भैंसी

(घ) सुँगुर, बुंगुर

(४) कृषि तथा पशुपंक्षी सम्बन्धी स्थानीय उत्पादनको पवर्द्धन गर्न गाउँपालिकाले पकेट क्षेत्र तोक्न र त्यसको विकास गर्न सक्नेछ।

(५) आवश्यकता अनुसार उत्पादनमा जोड दिने कृषि बाली तथा पशुपंक्षी थप गर्न सकिनेछ।

**१३. स्थानीय उत्पादनको प्रवर्द्धनमा सहयोग :** (१) स्थानीय उत्पादनको प्रवर्द्धन गर्न कृषि तथा पशुपंक्षी विकासमा गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ।

(२) उप दफा १ अनुसार सहयोग गर्दा गाउँपालिकाले तपसिल अनुसारको सहयोगको विधि अपनाउन सक्नेछः

(क) नगद अनुदान सहयोग,

(ख) जिन्सी अनुदान सहयोग,

(ग) प्रविधि सहयोग,

(घ) औषधी, किट नाशक औषधी सहयोग,

(ङ) बजारीकरणमा सहयोग,

(च) भ्यालु एडको(मुल्य अभिवृद्धि) लागि तथा विउ सुरक्षाको लागि शिट भण्डार ( कोल्ड स्टोर) मा सहयोग।

(छ) अन्य सहयोग।

**१४. स्थानीय उत्पादनको बजारीकरण :** (१) कृषि तथा पशुपंक्षीजन्य स्थानीय उत्पादनको प्रवर्द्धन गर्नको लागि कृषकलाई बजारीकरणमा पहुँच पुर्याउन सहयोग गरिनेछ ।

(२) यसको लागि आन्तरिक तथा वाह्रय बजार केन्द्रको अध्ययन गरिनेछ ।

(३) आन्तरिक बजार केन्द्रको स्थापना तथा विकास गरि उक्त स्थानहरुमा हात बजार संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

(४) वाह्रय बजार केन्द्रको रुपमा हेटौंडा, नारायणघाट, काठमाडौं, विरगन्ज लगायतका क्षेत्रमा अध्ययन तथा कृषकलाई बजारीकरणमा पहुँच पुर्याउन सहयोग गरिनेछ ।

**१५. स्थायी बिक्री केन्द्रको स्थापना:** (१) स्थानीय उत्पादनको पवर्द्धन गर्नको लागि कृषकलाई बजारीकरणमा पहुँचको लागि स्थायी बिक्री केन्द्रको स्थापना गरिनेछ ।

(२) स्थायी बिक्री केन्द्रको रुपमा साभ्का सुविधा केन्द्र तथा कोशेली घरको स्थापना तथा संचालन गर्न सहयोग गरिनेछ ।

## परिच्छेद-४

## विविध

१६. समन्वय र साभ्केदारी: कृषि तथा पशुपंक्षी क्षेत्रको विकासका लागि संघ र प्रदेश सरकारसंग आवश्यक समन्वय तथा आवश्यकता अनुसार लागतमा साभ्केदारी गरिनेछ ।

१७. सहकारी, सामुहिक कृषि प्रणलीमा जोड दिईनेछ ।

१८. कार्यविधिको संशोधन: कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष

रन्जन कालाखेती
गाउँपालिका अध्यक्ष